आदरणीय अभिभावकज्यू,

केही दिन यता वायुमन्डलमा देखा परेको अस्वाभाविक वातावरणीय परिस्थितीका कारण विद्यार्थीको स्वास्थ्यमा पर्नसक्ने प्रतिकुल असरका कारण उत्पन्न हुनसक्ने गम्भिर अवस्थालाई दृष्टिगत गरी नेपाल सरकार, शिक्षा मन्त्रालयबाट सबै शिक्षण संस्थाहरू भोलि मिति २०७७ साल चैत्र १७ गते मंगलबार देखि चैत्र २० गते शुक्रबार सम्म बिदा दिने निर्णय गरे बमोजिम भोलि मिति २०७७ साल चैत्र १७ गते मंगलबार बिद्यालय पूर्ण रुपमा बन्द रहने कुरा जानकारी गराउन चाहन्छौँ।

त्यसैगरी, पर्सी २०७७ साल चैत्र १८ गते बुधवार देखि बिद्यालय भौतिक रुपमा बन्द भएता पनि कक्षा ४ देखि १० सम्मका अनलाइन कक्षाहरू सञ्चालन हुने कुरा पनि अवगत गराउन चाहन्छौँ। अहिलेसम्म अनलाइन कक्षा नलिएका विद्यार्थी भाईबैनिहरूका अभिभावकज्यूहरूले विद्यालयमा सम्पर्क गरी आफ्नो नानी/बाबुको विद्यालय एप (Riviera App) को युजर आइ. डि. (User ID) र पासवर्ड (Password) लिइदिनुहुन पनि हार्दिक अनुरोध गर्दछौँ।

त्यसैगरी, नर्सरी देखि कक्षा ३ सम्मका कक्षाहरू भोलि मिति २०७७ साल चैत्र १७ गते मंगलबार देखि चैत्र २० गते शुक्रबारसम्म पूर्ण रुपमा बन्द रहनेछन। (कक्षा नर्सरी देखी कक्षा तीन सम्मका कक्षाहरू सञ्चालन नभएपनि गृहकार्य दैनिक विद्यालयाको वेबसाईट मार्फत उपलब्ध गराइनेछ।)

त्यसैगरी, पर्सी २०७७ साल चैत्र १८ गते बुधवार देखि नर्सरी देखी कक्षा १० सम्मका सबै कक्षाहरूका लागि गृहकार्य बिद्यालयको वेबसाइटमा दैनिक बिहान ८:०० बजे सम्ममा अपलोड गरिने कुरा जानकारी गराउदै प्रत्येक दिनका गृहकार्यहरू आफ्ना नानीबाबुलाई गर्न लगाइ बिद्यालय खुलेको दिन सम्बन्धित शिक्षक/शिक्षिका लाई बुझाउन लगाउनुहुन पनि हार्दिक अनुरोध गर्दछौँ।

**नोट: मौसममा सुधार आइ बिद्यालय खुल्ने अवस्था आएमा उक्त दिन देखिनै विद्यालय पूर्ण रुपमा सञ्चालन हुने कुरा पनि जानकारी गराउन चाहन्छौँ।**

विद्यालय प्रशासन — २०७७ साल चैत्र १६ गते सोमबार

रिभेरा इन्टरनेसनल एकेडेमी